# गोलन्जोर गाउँपालिकाको आ व २०७६/०७७को बजेट वक्तव्य

*यस गाउँपालिकाका अध्यक्ष ज्यू*

*यस गाउँपालिकाका सबै वडाका वडाध्यक्षज्यूहरु*

*कार्यपालिका सदस्य ज्यूहरु*

*यस गाउँपालिकाका सबै वडाका सदस्यज्यूहरु*

*राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु*

*प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग*

*पत्रकार मित्रहरु*

*सम्पूर्ण उपस्थित जनसमुदायहरु ।*

१. यस गोलन्जोर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस समारोहमा यस गाउँपालिकाको आगामी आ.व. २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

२. नेपालको संविधान २०७२ ले संघ प्रदेश र स्थानीय गरी ३ तहको सरकार हुने भन्ने व्यवस्था बमोजिम हामी जनप्रतिनिधिहरु यस गाउँपालिकामा मिति २०७४/०२/०८ गते वहाली भई २ वर्षको स्थानिय तहको अभ्यास अधिकांश समय कानुन निर्माण व्यवस्थापनमा समय बढि लागेको भएपनि सिमित श्रोत साधन र पर्याप्त जनशक्तिको अभावमा पनि यस गाउँपालिकाको समग्र विकासमा अहोरात्र लागि नै परेका छौ ।संस्थागत विकास र उपयुक्त जनशक्तिको अभाव हुदा हुदै पनि उपलब्ध श्रोत साधन र जनशक्तिको आधारमा यस गाउँपलिकाले स्थानीय सरकारको अभ्यासमा क्रियाशील रहेका छौं । यस गाउँपालिकामा कानुन बनाउने गाउँसभा, कानुनको कार्यान्वयन गर्ने गाउँ कार्यपालिका र न्यायिक कार्य सम्पादन गर्ने न्यायिक समितिको भूमिकाबाट स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिन प्रयासरत छौं ।

३. स्थानीय तहको संस्थागत विकासको दोश्रो वर्ष समाप्त भएको छ । यस अवधिको अनुभवले हामीलाई निर्वाचित जनप्रतिनिधि सहितको स्थानीय तहको अभ्यासले सरकारी सेवा सहज र गुणस्तरीय हुने रहेछ भन्ने अनुभव प्राप्त भएको छ किनकि जनताको गुनासो र मागलाई प्रभावकारी ढंगले संबोधन हुने अभ्यासको सुरुवात भएकोछ ।स्थानिय सरकारको सेवा प्रवाह वा गुनासोलाई आम जन समुदायले नजिकबाट देख्ने अनुभुती गर्ने र सुझाव दिन सक्ने भएकोले संघीयताको बास्तविक अभ्यास र अनुभुती स्थानी सरकारबाटै पाउँनेमा हामी विश्वस्त छौ ।सोही भावना अनुसार काम गर्न यस गाउँपालिकाकले सेवा प्रबाह विकास निर्माण र शुशासन प्रबर्द्धन र उत्तरदायी जबाफदेही बनाउने विषयमा कुनै कसर बाँकि राखेका छैन ।

४. सीमित कर्मचारीको व्यवस्था संस्थागत विकास तथा पुर्बाधारको अभाबको बाबजुद नेपाल सरकार र ३ नं प्रदेश सरकारबाट जारी गरिएका कानुनका अतिरिक्त स्थानीय कानुनको निर्माणका माध्यमबाट विकास निर्माण र सेवा प्रवाहका काम सम्पादन भइरहेका छन् ।

५. यस गाउँपालिकाको आन्तरिक आय स्रोत न्युन रहेको र नेपाल सरकार र ३ नं प्रदेश सरकारबाट प्राप्त सीमित स्रोतबाट ठूला ठूला योजना र कार्यक्रम संचालन गर्न नसक्नु हाम्रो बाध्यता हो तर सीमित स्रोतबाट जनताका आधारभूत आवश्यकता र आय आर्जन सँग सम्बन्धित मागहरु संबोधन गर्न सहभागितात्मक योजना छनौट तथा क्षेत्रगत प्रथामिकता निर्धारण गरि बजेट नीति तथा कार्यक्रम
तयार गरि कार्यान्वयन गरेका छौं ।

६ यस आर्थिक वर्षमा पनि “शिक्षा सडक र सिंचाई “गोलन्जोरको पुर्वाधार“ “तरकारी खेती तथा पशुपालन र पर्यटन विकास समद्धिको मुल आधार“ भन्ने नारा लाई मुर्त रुप दिदै यस आर्थीक वर्षको बजेट तयारी गरिने छ ।

७ चालु आर्थिक बर्षमा जस्तै आगामी पर्ष २०७६।०७७ मा पनि गौरवका योजना तथा कार्यक्रमलाई निरन्तरता र थप गरि उत्पादनमुखि तथा ग्रमिण समुदायको आम्दानी रोजगार हुने कार्यक्रम कम लागत तथा बढि जनसहभागिता जुटने स्थानिय श्रोत साधन बढि भन्दा बढि उपयोग र परिचालन हुने पिछडिएका वर्ग तथा समुदायको हित हुने बातावरण संरक्षण हुने दिगो विकासका लक्षय हाशिल हुने गरिवी न्यूनिकरण यूवा स्वरोजगार पर्यटन विकास र राष्ट्रिय विकासका लक्ष्य प्रदेश सरकारका नीति तथा कार्यक्रम र स्थानीय स्तरका विकास तथा कार्यक्रम कार्यान्वयनमामा यो बजेट विनियोजन गरिने छ ।

७ यस गाउँपालिकामा रहेका श्रृजनशिल युवालाई प्रतिभा पलायनलाई रोक्न युवा तथा किशोरी महिला लक्षित स्वरोजगारका कार्यक्रम ल्याईने छ ।जुन कार्यक्रमको नाम युवामा स्वरोजगार गोलन्जोर समृद्धिको आधार भन्ने मुल नाराका साथ बजेट विनियोजन गरिने छ ।

८ क्षेत्रगत विकासलाई जोड दिन यस गाउँपालिकाको शुनकोसी गढतिर भेगका वडा नं ७, ६, ३, २ र १ का बस्ति हरुलाई तरकारी खेति पकेट क्षेत्र घोषणा गरि संचालनको लागि बिषेश बजेट व्यवस्था गरिने साथै यस गाउँपालिकाको विचको क्षेत्रलाई फलफुल पकेट क्षेत्र घोषणा गरि बजेट विनियोजन गरिने छ साथै माहाभारत क्षेत्रका बस्तिहरुलाई पशुपालन र पर्यटकीय पकेट क्षेत्र घोषणा गरि कार्यक्रम ल्याईने छ ।सो कार्यक्रमलाई कार्यान्वयन गर्न उचित मापदण्ड बनाई लागु गरिने छ ।

९ यस गाउँपालिकामा गाउँपालिका अध्यक्ष मार्फत संचालन हुने विकासका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका प्रमुख विषेश कार्यक्रम घोषणा गरि सो को लागि उचित बजेट व्यवस्था गरिने छ ।

१० शिक्षा क्षेत्रको विकास र शिक्षामा गुणस्तर कायम गरी आम वालवालिकाको हित र सामुदायिक शिक्षामा सुदृढिकरणको लागि बिषेश कार्यक्रम ल्याई नियमनको लागि कानुनी व्यवस्था गर्न यस आर्थिक वर्षमा बजेट ब्यवस्था गरिने छ ।

११ यस गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका वातावरण मैत्री वालमैत्री हरियाली गोलन्जोर बनाउने अभियानकोलागि बजेट विनियोजन गरिने छ ।

१२ यो गाउँपालिका वि.पि. राजमार्ग तथा मध्य पहाडी राजमार्गमा रहेकोले सवारी पार्किङ्गलाई व्यवस्थापन गर्नको लागि मुख्य मुख्य बजार केन्द्रहरुमा सार्बजनिक शौचालय र पार्कीङ्गको लाग बजेट व्यवस्थापन गरिने छ ।

१३ यस गाउँपालिकाको युवा तथा किशोरी महिलाहरुको विकासको लागि यस गाउँपालिकामा काम गर्ने गैर सरकारी वा दातृ निकायहरुलाई समेतको रकम परिचालन गर्न युवा विकास कोष खडा गरि डालो मनिको व्यवस्थाको लागि युवा विकास कोष निर्माण गरि उचित कानुनी व्यवस्था गरिने छ ।

१४ यस गाउँपालिकाका क्षेत्रमा समग्र साना तथा लघु उधम प्रबर्द्धन र विकास गर्न डालो कोष व्यवस्थापन गर्ने जुन कोषको नाम उधम विकास कोष स्थापना गरिने छ ।जस्का आधारमा यस गाउँपालिकामा भएको व्यवसाय गर्न चाहने आम जनतालाई अनुदानका कार्यक्रम संचालन गरिने छ । नियमनको लागि कार्यविध बनाई यसै आ. व. देखि लागु गरिने छ ।

१५ यस गाउँपालिका क्षेत्रमा भएका सास्कृतिक पुरातात्वीक मठ मन्दिरहरुको संरक्षण सम्बर्द्धन र उपयोग गरि त्यस्ता क्षेत्रहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्नको लागि बजेट व्यवस्था गरिने छ ।

१६ यस गाउँपालिकाले आर्थिक वर्ष २०७६।०७७ लाई कर अशुली अभियान बर्ष घोषणा गरि उचित बजेट व्यवस्थापन गरी प्रभावकारी आन्तरिक राजश्व संकलमा जोड दिईने छ ।

१७ यस गाउँपालिकाको आन्तरिक सुरक्षा प्रबर्द्ध र विकास गर्न गाउँपालिका प्रहरीको सख्यामा बृद्धि गरि आन्तरिक नियन्त्रण कर असुलीमा सो सुरक्षा निकाय परिचालन गरिनेछ ।

१८ यस गाउँपालिका क्षेत्रमा गाउँपालिकाको लगानीमा स्थापना तथा संचालन भएका वडा नं ५ को कृषी क्याम्पस र वडा नं ३ को भेटेनरी क्याम्पस र वडा नं ७ को सब ईन्जिनियर पढाईको गुणस्तर तथा व्यवस्थापनलाई निरन्तरता दिईने छ ।

१९ यस गाउँपालिकाका गौरवका योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापनको लागि उचित बजेट व्यवस्थापन गरिने छ ।

२० क्षेत्रगत अनुदानलाई व्यबस्थित रुपमा अनुगमन मुल्यांकन गरि प्रभावकारी नतिजा हाशिल गर्न लगानीका क्षेत्रहरुलाई करको दायरामा ल्याउन क्षेत्रगत अनुदान वितरण कार्यविधि २०७५ लाई पुर्ण रुपमाम कार्यान्वयनमा ल्याईने छ ।

२१ यस गाउँपालिकाले संघ, प्रदेश र अन्य दातृ निकाय सँग सममुरक र विषेश अनुदानमा संचालन गरिने गौरव तथा महत्वपुर्ण योजनाहरुको विस्तृत आयोजना प्रस्ताव डि. पि. आ.र तयार गर्नको लागि बजेट विनियोजन गरिने छ ।

२२ यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुमा ईमेल ईन्टरनेट सेवा पुर्याउनको लागि उचित बजेट व्यवस्थापन गर्ने ।

**नीतिगत व्यवस्थाहरु**

- गाउँपालिका क्षेत्रमा गत आर्थिक वर्षमा २०७५/०७६ मा पूर्वधार जन्य निर्माणमा जनसहभागिता बापत बैकमा जम्मा गर्ने २० प्रतिशत रकमलाई व्यवस्थालाई खारेजी गरि आगामी आर्थीक वर्ष देखि आयोजना स्तरमानै प्राविधिक मुल्यांकन अनुसार १५ प्रतिशत सबै पुर्वाधार जन्य योजनामा जनसहभागिता कायम गरि आ.व. २०७६/०७७ मा योजना /आयोजनाहरुलाई कार्यान्वयन गरिने छ ।

- उपभोक्ता समिति मार्फत संचालन हुने योजना/आयोजना को यस गाउँपालिकामा बनेको कार्यविधि अनुसार कम्तिमा ७ जना सदस्य तथा ३३ प्रतिशत महिला सहभागि हुनु पर्ने ।
- यस गाउँपालिका क्षेत्रमा उपभोक्ता भन्दा वाहेक संघ संस्था विध्यालयले कुनै कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित व्यवस्थापन समितिले आम भेला राखि खरिद तथा निर्माणको काम कार्यान्वयन गर्नू पर्ने जुन कार्य कम्तिमा १ जना महिला सहित ३ जना खरिद समिति बनाउँनु पर्ने छ ।
- यस गाउँपालिका क्षेत्रमा बन्ने उपभोक्ता समितिले आयोजना स्तरमा १ अनुगमन समिति बनाउनु पर्ने छ । जुन अनुगमन समितिको संयोजक सम्बन्धित वडा समितिको निर्बाचित पदाधिकारी अनिवार्य हुनु पर्ने छ ।
- आयोजनाको भुक्तानीको लागि उपभोक्ता समितिले अन्तिम भुक्तानी लिन आउदा आभ भेला राखि खर्च सार्वजनिक र सार्वजनिक लेखा परिक्षण गराउँनु पर्ने छ ।
- योजनाहरुको अन्तिम भुक्तानी लिनु अघि आयोजना स्तरको अनुगमन समितिले अनुगमन सम्पन्न भएपछि मात्र गाउँपालिका स्तरिय अनुगमन समितिले अनुगमन गरि अन्तिम किस्ता भुक्तानीको लागि सिफारिस गरिने छ
- यस गाउँपालिकामा संचालन हुने प्रत्येक योजनाको ४ प्रतिशत आयोजना व्यवस्थापन खर्च कट्टी गरिने छ ।
- कुनै आयोजना कार्यक्रम सम्पन्न भएपछी सो योजनाको दिगोपन सुनिश्चिच गर्न मर्मत सम्बन्धि व्यवस्था भएको हुनु पर्ने छ । जुन निर्णय सहित अन्तिम किस्ता भुक्तानी लिन आउदा सम्बन्धित उपभोक्ता समितिले प्रतिबद्धता सहितको निर्णय आउनु पर्ने छ ।
- कुनै पनि योजना सम्पन्न भएपछि वा योजना/आयोजना को काम सुरु भएको समयमाम सम्बन्धित स्थानको सो योजनाको वातावरणिय पक्षलाई दृष्टिगत गरि आयोजना तथा कार्यक्रम स्थलमा बृक्षारोपणका अन्य वातावरणिय दिगोपन र दिगो विकासलाई जोड दिने प्रतिबद्धता सहितको काम आयोजना स्तरमानै हुनु पर्ने छ ।
- समप्पती कर सम्बन्धमा आर्थिक ऐनको अनुसुचि २ मा व्यवस्था भए बमोजिम २०७६।०४।०१ देखि लागु गरी कर संकलन गरिने छ ।
- कर संकलन सम्बन्धमा यस गाउँपालिकाको आर्थीक ऐन २०७६ को अनुसूचि १ देखि १७ को दायरामा रहि कर संकन गरिने छ ।
- गाउँपालिकाले वितरण गरेको अनुदानको अनुगमन मुल्यांकन र प्रभावकारी नतिजा हाशिल गर्न क्षेत्रगत अनुदान वितरण कार्यविधिको परिधिमा रहि अनुगमन समिति गठन गरिने छ । जुन अनुगमन समिति बनाउने अधिकार गाउँ सभाबाट कार्यपालिकालाई प्रत्यायोजन गरिने छ ।
- गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गाउँपालिका स्तरिय ५ सदस्यीय अनुगमन समिति गठन गरिने छ ।

## अनुमानीत आन्तरिक आयको प्रक्षेपण नीति
## आ.व. २०७६/०७७

| सि. नं. | शिर्षक | ०७५।०७६ को यथार्थ | २०७६।०७७ को अनुमानित | २०७७।०७८ प्रस्तावित |
|---|---|---|---|---|
| १. | सम्पती कर | ० | ७०० | ७७० |
| २. | भुमि कर मालपोत | २५० | ५०० | ५५० |
| ३. | घर बहाल कर | ७० | १०० | ११० |
| ४. | पर्यटन शुल्क | ० | १०० | ११० |
| ५. | व्यवसायिक दस्तुर | ० | १०० | ११० |
| ६. | न्यायीक दस्तुर | ० | १०० | ११० |
| ७. | नक्सा पास दस्तुर | ३०० | ४०० | ४४० |
| ८. | सिफारिस दस्तुर | २५० | ५०० | ५५० |
| ९. | व्यक्तिगत घटना दर्ता दस्तुर | १०० | ३०० | ३३० |
| १०. | नाता प्रमाणित दस्तुर | १०० | २०० | २२० |
| ११. | व्यवसाय रजिष्ट्रशन | ३०० | ५०० | ५५० |
| १२. | अन्य राजश्व दस्तुर | ९०० | २००० | |
| १३. | | **२२७०** | **५५००** | **७७७०** |

**चालु आ.व. २०७५/०७६ को कार्यक्रमको समीक्षा**

यस चालु आ.व. का गौरवका योजनाबाहेक अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भएको र गाउँपालिकाको गौरवका योजनाहरुको यस आर्थिक वर्षमा विनियोजित बजेट अनुसारको काम तथा बजेट समाप्त भएपनि योजना पुर्ण रुपमा सम्पन्न नभएकोले त्यस्ता गौरवका योजनाहरुलाई यस गाउँपालिकाले श्रोत साधन बजेट अनुसार क्रमागत रुपमा सालवसाली रुपमा अगाडी बढाईने छ ।साथै चालु आर्थीक वर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउनु हुने सम्पर्ण महानुभाव कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

**क, आर्थिक क्षेत्र**

यस चालु आ.व. मा ९० प्रतिशत अनुदानमा वडा नं ३ र ६ मा माछापालन अनुदान र स्थानीय कृषकहरुलाई कृषी तथा पशु व्यवसाय प्रबर्धनको लागि वि. पि. करेसावारी, प्लिष्टिक पोखरी, पशुपालन, कृषी शिक्षा क्षेत्रका अनुदानका कार्यक्रम कार्यान्वयन भएका छन । यस गाउँपालिकाका क्षेत्रगत अनुदान तथा विकासका कार्यक्रमले आम जनतामा स्वरोजगार तथा आय आर्जन शिर्जना भई गरिवि न्यूनिकरणर प्रति व्यक्ति आय उत्पादन तथा उत्पादकत्वमा बृदिमा सहयोग पुग्ने अपेक्षा लिन सकिन्छ ।

**ख, सामाजिक क्षेत्र**

यस चालु आ व मा १२ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा शिक्षा सम्बन्धि गुणास्तर बृद्धि गर्न मिदास सफ्टवेयर जडान गरि पठन पाठनको सुरुवात गरिएको छ । महिला जेष्ठ नागरिकहरुको क्षमता विकास तालिम तथा सम्मानका कार्यक्रम सम्पन्न गरिएको छ भने शिक्षा क्षेत्रमा उत्कृष्ठ परिमाण हाशिल गर्ने विध्यालयका प्रधान अध्यापक

तथा विध्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रम थालनी भएको छ । सामाजिक विकास तर्फ वडा नं ५ मा कृषी क्याम्पस भवन वडा नं ७ मा सब ईन्जिनियर र वडा नं ३ मा भेटेनरी बढाई सुरु गरि यस गाउँपालिका क्षेत्रमा शिममूलक तथा रोजगारमुलक शिक्षाको सुरुवात गरेको छ । विद्यालयहरुको खेलमैदान खेलकुद सामाग्री शिक्षक व्यवस्थापन गरि मुलभुत रुपमा गाउँपालिकाको ध्यान शिक्षा क्षेत्रमानै रकेको जानकारी गराउन चाहन्छु । यस आर्थीक वर्षमा स्वास्थ्यमा महिलाहरुको पाठेघर समन्धि स्वास्थ्य शिविर, अनाथ वालवालिका सहयोग आयुर्बेद शिविर तथा योग शिविर र पदाधिकारीहरुलाई माईन्ड पावर कार्यक्रम संचालन गरि विकासमा सकरात्मक सोचको विकास र विकास र सामुदायको र पदाधिकारीहरुलाई उत्तरदायित्व र जवाफदेहि विषयको अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो साथै स्वास्थ्यको पहुच नपुगेका बस्तीहरुमा २ वटा स्वास्थ्य ईकाई वडा नं ४ वडा नं ६ मा थप गरिएको छ ।त्यस्तै वडा नं ७ मा स्थापना भएको रेडक्रस सोसाईटी उप शाखामा एउटा एम्बुलेन्स खरिद गरी संचालनमा आएको जानकारी गराउन चाहन्छु । साथै यस गाउँपालिकाको विषयगत शाखाहरु कृषी पशु शिक्षा स्वास्थ्य तथा महिला विकासका कार्यक्रमहरुले समेत सामाजिका विकासका क्षेत्रमा थप योगदान पुर्यायो ।

**ग, पूर्वाधार विकास**

यस चालु आ व मा करीब १४५ वटा भन्दी बढी कच्ची सडक निर्माण तथा मर्मतका योजनाहरु सम्पन्न भएका छन् । सिंचाईका क्षेत्रका करीव १० वटा भन्दा बढी योजना सम्पन्न भए । यस आ व मा रु ५०,०००।पचाँस हजार देखि योजना तथा कार्यक्रम छनौट भएकोले आयोजना कार्यान्वयनमा समस्या देखिए पनि निर्धारित लक्ष्य भने प्राप्त गर्न गाउँपालिका सफल भएको छ ।अधिकांश योजनाहरु छनौट भएकाले समयमा नै योजना सम्पन्न हुन गए भने देखिने गरी काम पनि भयो । कृषि उत्पादनमा सहयोग गर्न सिंचाईको सुविधा बढाउन, आय आर्जनका क्रियाकलाप बढाउन र भूकम्प पीडितलाई समयमै घर निर्माणलगायत काममा यी योजनाहरु उपयोगीनै भए भन्ने हामिलाई महशुस भएको छ।

**घ, वातावरण तथा विपद् व्यवस्थापन**

विपद् व्यवस्थापनका लागि छुट्टै बजेट व्यवस्था गरी आगलागीबाट प्रभावित, गम्भीर विरामी भएका तथा बाढी तथा बर्षाद्ले क्षति पुर्याएका व्यक्ति तथा परिवारलाई न्यूनतम रु ५ हजार नगद राहत सहयोगका कार्यक्रमहरु संचालन गरियो । यस गाउँपालिका केन्द्र र ७ वटै वडामा सरसफाइ कार्यक्रम संचालन गर्यौं । वृक्षारोपण कार्यक्रम खासगरी ७ नं वडा क्षेत्रमा संचालन गरियो भने फोहोर मैला व्यवस्थापनको लागि वडा नं ६ मा ल्याण्ड फिल्ड निर्माणको काम पनि सुरु गरियको छ ।

**ङ, संस्थागत विकास सेवा प्रवाह र सुशासन**

यस आ.व. मा करीब २५ वटा स्थानीय कानुनको निर्माण गर्यौं ।पदाधिकारी तथा कर्मचारीहरुलाई खरिद माईन्ड पावर लगाएतका क्षमता विकासका कार्यक्रम बार्षक पुस्तक प्रकाशन नागरिक वडा पत्र प्रकाशन पाश्व चित्र तयार सामाजिक तथा श्रोत नक्सा तयार गरिएको छ ।कार्यालय व्यवस्थापन तर्फ गाउँपालिकाको भवनको लागि साडे ३ रोपनी जग्गा व्यवस्थापन वडा सचिवहरुलाई सामाजिक सुरक्षा अनलाईन तालिम योजना किताव राजश्व सुधार योजना तयार सम्पती करको विवरणा तयार तथा अभिलेखिकरण राजश्व सफट्वेयर जडान कार्यालय परिसरमा सूचना मूलक टि.भि. तथा

सफ्टवेयस जडान लगाएत काम सम्पन्न गरिएको छ । गाउँपालिका कार्यालय भवनमा विभिन्न शाखा तथा इकाइ निर्धारण गरी फर्निचर, कम्प्युटर लगायत उपकरणको व्यवस्था गरियको छ । गाउँपालिका तथा केहि वडा कार्यालयमा इन्टरनेटको प्रयोग र कम्प्युटरको प्रयोगबाट गाउँपालिका तथा वडा कार्यालयको सेवा प्रवाह सूचनामैत्री बनाएका छौं । हरेक योजना र कार्यक्रमको कार्यान्वयनमा वास्तविक सूचकको आधारमा कार्यान्वयन गरी भुक्तानी दिने व्यवस्था मिलाइएको छ । आर्थिक ऐनको प्रभावकारी पालना गर्ने प्रयास गरिएको छ । प्रत्येक योजना तथा कार्यक्रमहरु सम्पन्न पश्चात् अनुगमन गरी भुक्तानी दिने व्यवस्था लागू गरेका छौं । सीमित मात्रामा उपलब्ध कर्मचारीहरुलाई व्यवस्थित ढङ्गले कार्य जिम्मेवारी तोकी सेवा प्रवाहलाई छिटो, छरितो र सेवाग्राहीमैत्री बनाउने प्रयास गरेका छौं । जनताको गुनासो तुरुन्त संवोधन हुने र जुनसुकै महानुभावले दिएको सुझावलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयास गरेका छौ ।

**<u>च, अन्य</u>**

सुनकोशी नदीमा र्याफटिङ संचालन गर्ने, भ्यु टावरको निर्माण र साइकलजोनको योजनाको काम अघि बढाई यी योजनाहरुलाई आगामी आ.व. मा निरन्तरता दिइनेछ । यी योजनाहरु सम्पन्न भए पछि यस गाउँपालिकाको संबृद्धिमा थप टेवा पुग्ने विश्वास लिएका छौं । वडा नं ३,६ र ७ मा संचालित लिफ्ट सिंचाइ योजना सम्पन्न भई व्यावसायिक कृषि कार्यमा ठुलो योगदान पुग्नेमा आशावादी छौं । साथै नेपाल सरकार तथा ३ नं प्रदेश सरकार लगायत निकायबाट यस गाउँपलिका क्षेत्रमा ठुला योजनाहरु संचालन गरी यस गाउँपालिकाको विकासमा थप टेवा पुग्ने कुरामा आशावादी छौं । ती निकायबाट संचालन हुन जाने योजनाहरुको कार्यान्वयनमा यस गाउँपालिकाको समग्र टिमले सक्दो सहयोग गर्नेछ र यस कार्यमा र यस गाउँपालिकाले स्वीकृत गरेका कार्यक्रमहरुको कार्यान्वयनमा सम्पूर्ण जनसमुदायहरुको समेत भरपुर सहयोग मिल्नेमा आशावादी छौं ।

**<u>समस्या/ चुनौति</u>**

- नेपाल सरकार प्रदेश सरकारका बार्षीक आवधिक योजना तथा कार्यक्रम सहयोग पुग्ने कार्यक्रम संचालन गर्न नसकिएको ।
- यस क्षेत्रमा गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा सर्वसुलभ बनाउन बजेट अभाव तथा राजनितिक दृष्टिकोणमा एकरुपता नहुनु ठुलो चुनौति रहेको छ ।
- क्षेत्रगत विकासमा गुणस्तरिता र दिगोपन सुनिश्चित गर्न नसकिएको ।
- कृषि पेशालाई व्यावसायिक पेशाको रुपमा रुपान्तरण गर्न कठिन छ ।
- क्षेत्रगत ठोस र उत्पादनमुखि काम गर्न नसकि खाली वितरण मुखि काम भएको ।
- युवा महिला किशोरी अपाङ्गका वालवालिकाको कार्यक्रम नतिजामुलक बनाउन नसकिएको ।
- जनताको आय आर्जन र रोजगारी बढाउन धेरै काम गर्न बाँकी छ ।
- सवै वडाको सन्तुलित र समानुपातिक विकास अघि बढाउन चुनौति रहेको छ ।
- सीमित स्रोतबाट असीमित आवश्यकतालाई संवोधन गर्नु अर्को चुनौति रहेको छ ।
- विकासमा राजनितिक रुपमा समान दृष्टिकोण सस्कृतिको विकास हुन नसकेको ।
- सिमित श्रोत साधन समुदायको माग धरै भएकोले गुणस्तरियता दिगोपन सुनिश्चित गर्न नसकिएको ।

- विकास निर्माणमा सबै जनसमुदायको ऐक्यबद्धता कायम गरी पूर्ण सहयोग प्राप्त गर्नु अर्को चुनौति रहेको छ ।

**अवसर**

- स्थानिय सरकार जनताको नजिकको सरकारको भएकोले अनुभुती गर्न तथा माग राख्न आम समुदायको पहुचमा बृद्धि भएको पाईन्छ ।
- राजनितिक सपना सोच घोषणा पुरा गर्न आफैले सामर्थ्य शक्ति प्रगोग गर्न सकिने ।
- स्थानीय तहमा साधन स्रोतको खोजी गर्ने, त्यसको प्राप्ति गर्ने र त्यस बारे निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार र अभिभारा प्राप्त हुनु नै हाम्रा लागि ठूलो अवसर हो ।
- विकास निर्माण र आय आर्जन बढाउने काममा क्रियाशील हुने जनसमुदायहरुको संख्या धेरै छ ।
- यस गाउँपालिकालाई राम्रो, सम्बृद्ध र नमुना बनाउने गहन जिम्मेवारी हामीलाई प्राप्त भएको छ ।
- नजिकको सरकारको अभ्यास गर्न र आम जनताको मागमा आधारित बजेट नीति तथा कार्यक्रम बनाउन सहज ।
- सामुहिक जिम्मेवारी तथा उत्तरदायित्वको अनुभुति गर्न सकिने ।
- उपलब्ध पुँजी श्रोत साधन र सम्भावनाको आकलन तथा सोहि अनुसार योजना बनाउन सहज हुने ।
- संघ प्रदेश र अन्य दातृ निकाय तथा संस्थासँग समन्वय सहकार्य र सहजिकरण गरि नमुना प्रयोग गर्ने अवसर प्राप्त भएको ।
- स्थानिय स्तरमा संविधान तथा कानुनले दिएको अधिकार भित्र रहि ऐन कानुन नियम नीति कार्यविधि र निर्देशिका बनाई प्रयोग गर्ने अवसर प्राप्त भएको ।
- कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाको बस्ति स्तरमा अभ्यास गरि आम समुदायको कार्यस्थलमै सुझाब प्रतिकृया प्राप्त गर्न सकिने ।
- स्थानिय आवश्यकता माग चाहान अनुरुप विशेष योजना तथा कार्यक्रम बनाई लागु गर्न सकिने ।
- रचनात्मक कार्यक्रमहरु संचालन गर्ने र कार्यक्रम कार्यान्वयनमा हुन जाने त्रुटिहरुलाई आम जनसमुदायको सुझाव र सहयोगमा सुधार गर्न पाउनु पनि हाम्रा लागि ठुलो अवसर हो ।

# आगामी आ.व. २०७६/०७७ को नीति बजेट तथा कार्यक्रम

## १ सोच

उपलब्ध श्रोत साधन सामर्थ्य शक्ति प्रयोग गरि परिमाण मुखि नतिजामूलक योजना र कार्यक्रम संचालनमा जनसहभागिता अपनत्व सुनिश्चित गरी दिगो विकास माध्यमबाट जनताको मन जित्नेछौं ।

## २ लक्ष्य

शिक्षा सडक सिंचाई कृषि, पशुपालन पर्यटन, जलस्रोत र जैविक विविधता लगायतका क्षेत्रहरुको नमुना विकास गर्ने र जनताका आधारभूत आवश्यकतासँग जोडिएका उत्पादनशिल योजना तथा कार्यक्रम संचालन गरी यस गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्नेछौं ।

## ३ उद्देश्य

यस गाउँपालिकाका कार्यक्रमहरु स्थानीय उत्पादन तथा जनताको आय आर्जन र रोजगारीसँग आबद्ध गरी जनताको जीवनस्तरमा सुधार ल्याई यस गाउँपलिकालाई सम्बृद्ध बनाउनु हाम्रो उद्देश्य रहेको छ ।

## ४ अपेक्षित उपलब्धि

- यस गाउँपालिकाको गौरवका योजना तथा क्षेत्रगत योजना तथा कार्यक्रमहरु कार्यान्वय गरि आन्तरिक रुपमा गाउँपालिकालाई शक्षम सवल नमुना गाउँपालिका बनाउने ।
- यस गाउँपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पदयात्रा जलविहार पर्यापर्यटन प्रकृतिक मनोरम भ्रमण लायक स्थानको रुपमा विकासमा विशेष जोड दिने ।
- यस गाउँपालिकाको आन्तरिक आय प्रबर्द्धन गरि पर्यटन रोजगारीका क्षेत्रमा लगानी गर्न यस आर्थीक वर्षलाई कर असुली बर्षको रुपमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- शिक्षा सडक सिंचाई गोलन्जोरको पुर्बाधार तरकारी खेती पशुपालन पर्यटन विकास समृद्धिको मुल आधार भन्ने नारालाई साहाकार बनाउने ।
- समाबेशि समानुपातिक सामाजिक विकासको लागि महिला वालवालिका किशोरी जेष्ठ नागरिक अपाङ्ग दलित जनजातीको समुदायको समतामूलक विकासको पर्याप्त बजेट तथा कार्यक्रम संचालन गरि नतिजामुलक विकासमा जोड दिने ।
- क्षेत्रगत विकासको लागि विषयगत पकेट क्षेत्र घोषणा गरि त्यस्ता कार्यक्रम कार्यान्वयनमा सरकारी गैर सरकारी सहकारी निजि क्षेत्रको परिचालन गर्ने ।
- गाउँपालिकामा तत्काल कार्य गर्न सरकारको लोकपृयता शुनिश्चित गर्न गाउँपालिका प्रमुख विषेश कार्यक्र कार्यान्वयन गर्ने ।

- प्राबिधिक शिक्षा र शिक्षा क्षेत्रको गुणस्तर शुनिश्चितता र शिक्षाको नतिजामूलक विकासको लागि उचित बजेट तथा कानुनी प्रबन्ध गरिने छ ।
- बालमैत्री, वातावरण मैत्री, पुर्ण सरसफाई युक्त, वालविवाहा मुक्त धुवा मुक्त गाउँपालिका बनाउन उचित बजेट तथा कार्यकम तयारी गरि कार्यान्वयन गरिने छ ।
- युवा विकास स्वरोजगार कोष निर्माण गरि उचित बजेट व्यवस्थापन गरिने छ ।
- व्यवसाय प्रबर्द्धनको लागि उधम विकास कोष निर्माण गरि उचित बजेट व्यवस्थापन गरिने छ ।
- गाउँपालिलका को सुरक्षा प्रबन्ध कर असुली र नियमनको लागि थप गाउँपालिका सुरक्षा बल गठन तथा संचालन गरिने छ ।
- वडा कार्यालयहरुमा सूचना प्रविधिको पहुच बृद्धि गर्न वडामा ईमेल ईन्टरनेट विकास सम्बन्धित वडाबाट सम्पतीकर संकलन गर्न सक्ने सम्यन्त्रको विकास गर्ने ।
- पहिरो तथा नदी नियन्त्रणका कार्यक्रमहरु अघि बढाइनेछ ।
- कृषि तथा पशु विकासका कार्यक्रमहरु कार्यान्वयन गरी जनताको आय आर्जन बढाइनेछ ।
- शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता अत्यावश्यक सुविधाहरु बढाइनेछ ।
- प्राविधिक शिक्षा र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- सडक र सिचाइ जस्ता योजनाहरुबाट जनताको जनजीवलाई सहज बनाइनेछ ।
- र्याफटिङ, भ्यू टावर र साइकल जोन निर्माण योजना सम्पन्न गरी पर्यटनको विकास गरी पर्यटन विकास गरिनेछ ।
- आगामी आ व लाई कर अभियान वर्षको रुपमा मनाइनेछ । आगामी आ व को आर्थिक ऐनमा करका क्षेत्रहरु फराकिलो बनाइएको छ तर करका दरहरु सन्तुलित ढङ्गले निर्धारण गरिएको छ ।
- यस गाउँपालिकाको गौरवका योजना तथा दिगो क्षेत्रगत विकास कार्यक्रमहरुको डि पि आर तयार गरि संघ प्रदेश अन्य निकाय सँग समपुरक विषेश अन्य प्रकृतीका अनुदान लिने सकिने लगानी मैत्री वातावरण तयार गरीने छ ।

## आर्थिक वर्ष २०७६/०७७ को आय तथा व्यय विवरण

| सि.नं. | आय विवरण | गत आ व २०७५/०७६ को अनुमानित बजेट रु हजारमा | चालु आ व २०७६/०७७ को अनुमानित बजेट रु हजारमा | आगामी आर्थिक वर्ष २०७७/०७८ |
|---|---|---|---|---|
| १. | नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | ७६२०० | ८३४०० | ९१७४० |

| | | | | |
|---|---|---|---|---|
| २. | नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड अनुदान | ६०९३२ | ७१९०० | ७९०९० |
| ३. | ३ नं प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | ७६९९ | ९९०९ | १०९०६ |
| ४. | ३ नं प्रदेशबाट सवारी साधन कर वाडफाडबाट प्राप्त हुने रकम | ० | २१५०९ | २३६६० |
| ५. | आन्तरिक आयबाट प्राप्त हुने | ५४६९ | ५५०० | ६०५० |
| ६. | गत आ.व. २०७५/०७६ को अ. ल्या. बजेट | ० | ७००० | १२०६१ |
| ७. | **निसर्त अनुदान र आन्तरिका आय जम्मा** | **१५५३५०** | **१९९२१८** | **२१९१४०** |
| ८. | **नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान** | **१४१३००** | **१६१९००** | **१७८०९०** |
| ९ | **३ नं प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान** | **१६८१३** | **०** | **०** |
| १०. | नेपाल सरकार संघीय मामिला मन्त्रालय लगायत निकायबाट सामाजिक सुरक्षा भत्ता लगायत शीर्षकमा सर्तस सहित | ० | | |

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त रकम | | ५५०७७ | ६०५८५ |
| ११. | ससर्त तर्फको जम्मा आय | १५८११३ | १६१९०० | १७८०९० |
| १२. | **निसर्त तथा ससर्त तर्फको कुल आय** | ३१३४६३ | ३६१११८ | ३००२४१ |
| १३. | **समपुरक कोष** | ७१० | १५०० | १६५० |

**१. आगमी आर्थीक वर्ष २०७६/०७७ मा गौरवका योजनाहरु तर्फ निम्न बमोजिमम रकम विनियोजित गरेका छौ ।**

| **क्र.स.** | **योजना तथा कार्यक्रमको नाम** | **गत आ. व. २०७५/०७६** | **आगामी आर्थीक वर्ष २०७६/०७७** | **आगामी आर्थीक वर्ष ०७७/०७८** |
|---|---|---|---|---|
| १ | वडा नं ५ को सोलाभन्ज्याङ्ग भुमेथान चिस्यानडाँडा साईकल जोन निर्माणलाई आगामी आर्थीक वर्षमा पनि क्रमागत बहुबर्षीय योजनाको रुपमा मानी निरन्तरता दिन विनियोजित रकम | २००० | २५०० | २७५० |
| २ | गोलन्जोर भ्यू टावर निर्माणको काम सम्पन्न भएपछि त्यस क्षेत्रलाई पर्यटकिय विकास हवको रुपमा विकास गर्न गोलन्जोर भ्यू टावर पर्यावरणिय विकास खानेपानी तथा पिकनिक स्पोर्ट निर्माण तथा विकासको लागि यस आर्थीक वर्षमा बहुबर्षिय योजना मानी विनियोजित रकम | **७५००** | १५०० | १६५० |
| ३ | गाउँपालिका रहेका सुनकोशी गढतिर बेल्टमा रकारी खेती कृषी पकेट क्षेत्रको विकास तथा विधुत विस्तारको समेत लिफ्ट सिंचाई योजनालाई यस | ० | ७५०० | ८२५० |

| | | | | |
|---|---|---|---|---|
| | गाउँपालिकाको बहुबर्षीय।क्रमागत योजना रुपमा कार्यान्वयन गर्ने वडा नं ७, १५०० वडा नं ६, १५०० वडा नं ३, १५०० वडा नं २, १५०० वडा नं १, १५०० बजेट रु हजारमा वजेट विनियोजन गरियो | | | |
| | | ९५०० | ११५०० | १२६५० |

**२. आगामी आर्थीक वर्ष २०७६/०७७ मा ३ नं प्रदेश सरकार लगाएत निकायहरु सँग साझेदारीमा संचालन हुने समपुरक योजना तर्फ विनियोजित रकम**

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | गत आ. व. २०७५/०७६ | आगामी आर्थीक वर्ष २०७६/०७७ | आगामी आर्थीक वर्ष ०७७/०७८ |
|---|---|---|---|---|
| १. | वडा नं ५ को भक्तिराम सडक गत आ व मा यस गाउँपालिकाबाट समपुरक योजनामा छुट्याईएको रकमबाट नपुग रकम विनियोजन | ० | ९४०० | ९६८० |
| २. | यस गाउँपालिका ६ वडा नं देउरालीटार ३ नं वडा०को मुर्की लिफ्ट सिंचाई योजनालाई नपुग समपुरक रकम | ० | २६०० | २८६० |
| जम्मा | | १२००० | १२००० | १२७२० |

**३. आगामी आ. व २०७६/०७७ मा यस गाउँपालिकामा तपशिल अनुसार क्षेत्रगत बजेट विनियोजन**

| आर्थिक विकास १ | पुर्वाधार विकास २ | सामाजिक विकास ३ | वातावरण तथा विपद व्यवस्थापन ४ | संस्थागत विकास सेवा प्रबाह तथा शुसासन ५ | चालु तर्फ | रु लाखमा २०७६/०७७ कुल जम्मा |
|---|---|---|---|---|---|---|
| ६२४० | ७२६८४ | ४१४५३ | ८८२५ | ७५०० | ६२५१६ | १९९२१८ |

## १ आगमी आर्थीक वर्ष २०७६/०७७ मा आर्थिक विकास तर्फ विनियोजित बजेट तथा कार्यक्रम

| क्र. स. | योजना तथा कार्यक्रमको नाम | गत आ. व. २०७५/०७६ | आगामी आर्थीक वर्ष २०७६/०७७ | आगामी आर्थीक वर्ष ०७७/०७८ |
|---|---|---|---|---|
| | पशु सेवा तर्फ | | | |
| १ | निः शुल्क वितरण औषधी खरिद गरि वितरण कार्यक्रम | ४५० | ३०० | ३३० |
| २ | खोरेत रेविज लगाएत माहामारी रोगको खोप खरिद, ढुवानी पारिश्रमिम खर्च | १०० | ३०० | ३३० |
| ३ | खोर सुधार अनुदान बाखा गाई | २०० | १५०० | १६५० |
| ४ | व्याडे बोका तथा पाठा पाठी वितरण ९० प्रतिशत अनुदान | ४०० | २००० | २२०० |
| **जम्मा** | | **११५०** | **४१००** | **४५१०** |
| **कृषी तर्फ** | | | | |
| १ | माहामारी सूचना प्रसारण | ३० | ४० | ४४ |
| २ | जि.पि. एक गाउँ एक पोखरी निर्माण कार्यक्रम सबै वडामा एकमुष्ठ | ० | १००० | ११०० |
| ३ | वि.पि. करेशावारी कार्यक्रम सबै वडामा एकमुष्ठ | १००० | १००० | ११०० |
| ४ | वडा नं ३ को ट्रर्की पालन कुखुरा (जनजाती कार्यक्रम) | ० | १०० | ११० |
| **जम्मा** | | **१०३०** | **२१४०** | **२३५४** |

| २. आगामी आर्थीक वर्ष २०७६/०७७पुर्वाधार विकास तर्फ विनियोजित बजेट तथा कार्यक्रम | | |
|---|---|---|
| **सि.न.** | **योजना तथा कार्यक्रमको नाम** | **आगामी आ व २०७६/०७७ को रु हजारमा** |
| १.. | वडा नं १ को च्याकुटार गाउँ रानागाउँ भालुभन्ज्याङ्ग सडक ट्र्याक | ८०० |
| २. | वडा नं १ को डुडभन्ज्याङ्ग डाडागाउँ भाविन्थान जुकेपानी सडक ट्र्याक | १००० |
| ३. | वडा नं १ को देविथान महाभारत सडक ट्र्याक | १००० |
| ४. | वडा नं १ को साझे पहरो सिंचाई पाईप खरिद | १०० |
| ५. | वडा नं को बेंरे सिंचाई पाईप खरिद | १२५ |

| | | |
|---|---|---|
| ६. | वडा नं १ को पाण्डव सिंचाई पाईप खरिद | १०० |
| ७. | वडा नं को रिट्ठावोटे सिंचाई पाईप खरिद तथा मर्मत | १०० |
| ८. | वडा नं १ को सानो कुलो सिंचाई मर्मत | २५० |
| ९. | वडा नं को कोप्चे सिंचाई पाइप खरिद | १०० |
| १०. | वडा नं को घ्यामपाटार सिंचाई पाइप खरिद | ३०० |
| ११. | वडा नं १ को रसुवा सिंचाई पाइप खरिद | १०० |
| १२. | वडा नं १ आपटार सिंचाई पाईप खरिद | ५० |
| १३. | वडा नं १ सिकारी डांडा पाईप खरिद | ५० |
| १४. | वडा नं १ मुल खोला अर्खौले सिंचाई पाईप खरिद | १०० |
| १५. | गोलन्जोर गाउँपालिका वडा नं १ पाईप खरीद | १००० |
| १६. | वडा नं १ को घ्यामपाटार सार्कीटोल सडक ट्र्याक | ३०० |
| १७. | वडा नं १ को कालीआप चाँचल सडक ट्र्याक तथा मर्मत | ८०० |
| १८. | वडा नं १ राधाकृष्ण विराट स्वरुप आयुर्वेद उद्योग प्रा.ली कच्चा पदार्थ औषधि खरिद | २५ |
| १९. | वडा नं १ सिम्ले वारी खेत सिंचाई मर्मत | १५० |
| २०. | वडा नं १ को ढाडे सिंचाई पाईप खरिद | ५० |
| २१. | वडा नं १ को आड सोला बँदेले प्रा.वि. कटुञ्जे सम्म सडक मर्मत | २०० |
| २२. | वडा नं १ को च्याकुटारवेशि हाट बजारमा सार्वजानिक शौचालय निर्माण | २०० |
| २३. | वडा नं ४ को धापचौकी ढुङ्ग्रे सडक ट्र्याक ओपन | ९०० |
| २४. | वडा नं ४ को सिउरानी रानीखोला सडक ट्र्याक ओपन | ८०० |
| २५. | वडा नं ४ को खपाङ्गी टोल सडक ट्र्याक ओपन | ३०० |
| २६. | वडा नं ४ को तमौरे सडक ट्र्याक ओपन | ४०० |
| २७. | वडा नं ४ को तिनमुरे फेदा सडक ट्र्याल ओपन | ३०० |
| २८. | वडा नं ४ को खोकलिङ्ग पिपलगल्ली वासगैरी जोगिडाँडाँ कुभिन्डे चराकाठ कुभिन्डे सडक ट्र्याक ओपन | ३०० |
| २९. | वडा नं ४ को झिरुडांडा सिम्ले सडक मर्मत | ५०० |
| ३०. | वडा नं ४ को बाहुनीपानी खोलाघारी सडक ट्र्याक ओपन | ३०० |
| ३१. | वडा नं ४ को वाजुरी वन विमिरे सडक ट्र्याक ओपन | ३०० |
| ३२. | वडा नं ४ को सम्पुर्ण बाटो मर्मत (एकमुष्ठ) | ५०० |
| ३३. | वडा नं ४ को पुल डुंडेखोला फडेलघारी म्याचिङ्ग फन्ड | ९५ |
| ३४. | वडा नं ४ को वडा कार्यालय फर्निचर | ५० |
| ३५. | वडा नं ३ को वसेरी लिफ्ट सिंचाई निर्माण | ९०० |
| ३६. | वडा नं ३ को भदौरे धेद्रे सडक स्तरन्नोती | ६०० |
| ३७. | वडा नं ३ को कोलचौरी तल्लोकुलो रातमाटे दिङदिङ सडक ट्र्याक तथा मर्मत | ४०० |
| ३८. | वडा नं ३ को वेलवोटे रातमाटे ज्यामिरे सडक | ३०० |
| ३९. | वडा नं ३ को थाङ्ग्रे टयाङ्गी संरक्षण | ५० |

| | | |
|---|---|---|
| ४०. | वडा नं ६ को करमबोट कर्जिनी सडक ट्र्याक ओपन | ५०० |
| ४१. | वडा नं ६ को तल्लो वन्दिजोर खोला सडक ट्र्याक ओपन | २५० |
| ४२. | वडा नं ६ को गैडाखोला छेत्पा सडक ट्र्याक ओपन | ४०० |
| ४३. | वडा नं ६ को विराउटे कुलो मर्मत | १०० |
| ४४. | वडा नं ६ को हस्पिटल बाँध भुजेल टोल सडक मर्मत | २०० |
| ४५. | वडा नं ६ को छिराखोला रातडाँडा हायुटोल हुँदै ल्याङल्याङटार सम्म सडक ट्र्याक तथा मर्मत | ४०० |
| ४६. | वडा नं ६ को स्वारा खोला ल्याङ्ल्याङटार सिँडी निर्माण | १०० |
| ४७. | वडा नं ६ को सुनकोशि सहकारी भवन मर्मत तथा निर्माण हैवारवेशि | ३०० |
| ४८. | वडा नं ६ को ठुलीस्वारा सडक ट्र्याक ओपन | ३०० |
| ४९. | वडा नं ६ को किराते पधेरो सडक ट्र्याक ओपन | ३०० |
| ५०. | वडा नं ६ को कोकुम सडक ट्र्याक ओपन | ३०० |
| ५१. | वडा नं ६ को आधामारा रातडाँडा सडक ट्र्याक ओपन | ३०० |
| ५२. | वडा नं ६ को दाह्रे गौडा डाँडा सडक ट्र्याक ओपन | ३०० |
| ५३. | वडा नं ६ को नाकाजोली मश्रांङ्गी टोल किङरिङ सडक मर्मत | २०० |
| ५४. | वडा नं ६ को चिलाउने भन्ज्याङ्ग सडक मर्मत | २०० |
| ५५. | वडा नं ६ को सैलुङ्ग थुम्का निगाले टोल सडक मर्मत | २०० |
| ५६. | वडा नं ६ को चौतारा दमाई डाँडा रानाटोल सडक मर्मत | २०० |
| ५७. | वडा नं ६ को भिमसेन स्थान जिमिरे पोखरी सडक ट्र्याक तथा मर्मत छेत्पा | १५० |
| ५८. | वडा नं ६ को दमै डाँडा सडक मर्मत घोक्सिला | २०० |
| ५९. | वडा नं ६ को कटहरे कुलो मर्मत दारिमबोट | १०० |
| ६०. | वडा नं ६ को काल्ले दमासे कुलो मर्मत घोक्सिला खोला | ५० |
| ६१. | वडा नं ६ को दोभान कुलो मर्मत घोक्सिला खोला | ५० |
| ६२. | वडा नं ६ को गणेश मन्दिर-दारिमबोट सडक घोक्सिला | २०० |
| ६३. | वडा नं ६ को मगरवेशि माथ्थिल्लो आगने कुलो मर्मत सुंगुरे | २०० |
| ६४. | वडा नं ६ को डाँडागाउँ खानेपानी मर्मत | २०० |
| ६५. | वडा नं ६ को गणेश मन्दिर आफ्रे मर्मत | २०० |
| ६६. | वडा नं ६ को तल्लोडाँडा गाउँ खा.पा. योजना | ३०० |
| ६७. | वडा नँ ६ को देउरालीटार वारी कुलो मर्मत | ५०० |
| ६८. | वडा नं ६ को हैवारवेशि खोला संरक्षण | १०० |
| ६९. | वडा नं ६ को पसल टोल सडक मर्मत | ३०० |
| ७०. | वडा नं ७ को लिफ्ट खानेपानी आयोजना ट्याङ्की निर्माण तथा विस्तार साविक १,२,३,४ को तल्लो वेल्ट वारुथानडाँडा | २००० |
| ७१. | वडा नं ७ को सिसिम खोला देखि तल्लोबारा खानेपानी साविक ६,७ र ८ | ८०० |
| ७२. | वडा नं ७ को पन्ध्रमुरे पक्की कुलो निर्माण साविक ६ र ७ | ५०० |

| | | |
|---|---|---|
| ७३. | वडा नं ७ को हाईडाँडा आरुखोला खानेपानी पाईप खरिद | १५० |
| ७४. | वडा नं ७ को वि.पी. सडक देखि डुँडेस्वारा ट्र्याक ओपन | ५०० |
| ७५. | वडा नं ७ को मध्य पाहाडी लोकमार्ग देखि लौकुन सडक स्तरन्नोती | २५० |
| ७६. | वडा नं ७ को प्रा.वि. ठुलीपोखरी सरस्वती मन्दिर निर्माण | २०० |
| ७७. | वडा नं ७ को राताटार कार्की गाउँ ट्र्याक ओपन | १०० |
| ७८. | वडा नं ५ को धुले डाँडा लोकभावनमा प्रा.वि. हुँदै विजयछाप तल्लोटोल सम्म जाने सडक निर्माण तथा मर्मत | ७०० |
| ७९. | वडा नं ५ को लाकुरीबोट काउले खोला सडक स्तरन्नोती | ४०० |
| ८०. | वडा नं ५ को भदौरे डाँडा देखि दलित वस्ति जाने सडक ट्र्याक ओपन | ३०० |
| ८१. | वडा नं ५ को घट्टेखोला-वतासे-घोक्सिला सिंचाई कुलो मर्मत | २५० |
| ८२. | वडा नं ५ को थलडाँडा-राम्चे-भ्यु टावर सिँडि निर्माण | ७०० |
| ८३. | वडा नं ५ को थलडाँडा स्कुल-वानिँया टोल-रैकाखोला बाघमारे सडक मर्मत | २०० |
| ८४. | वडा नं ५ को भोटेखोला बाहुनडाँडा सिंचाई पाईप खरिद तथा मर्मत | ३०० |
| ८५. | वडा नं ५ को रतनचुरा माथ्थिलो वि.क. टोल वडा कार्यलय खानेपानी ट्याकी | २०० |
| ८६. | वडा नं ५ को रतनचुरा तल्लोटोल देखि ठुली पोखरी-तिनकन्या सम्म सडक स्तरन्नोती | २०० |
| ८७. | वडा नं ५ को खनियाखर्क विष्णुमगरको घरदेखि खानीटोल सम्म सडक स्तरन्नोती | ५०० |
| ८८. | वडा नं ५ को गोगलबोटे सिंचाई कुलो मर्मत | १०० |
| ८९. | वडा नं ५ को पिपलवोट-रातमाटे सडक मर्मत | ५०० |
| ९०. | वडा नं ५ को देवरबोटे-जलकिनि पाईप खरिद | ५० |
| ९१. | वडा नं ५ को कर्किनीखोला-चौतारी कुलो मर्मत | १०० |
| ९२. | वडा नं २ को वितिजोरका सवै वस्तिहरुमा खानेपानी विस्तार तथा मर्मत | १३०० |
| ९३. | वडा नं २ को वाल मा.वि. सुलिभन्ज्याङ्ग घेरावेरा तथा सोहि बिद्यालयको मन्दिर निर्माण समेत | १३०० |
| ९४. | वडा नं २ को भन्ज्याङ्ग खानेपानी ट्याङ्की निर्माण | १५० |
| ९५ | वडा नं २ को खनियाखर्क खोल्मा डाँडा किटिनी सडक मर्मत तथा ट्र्याक | ६०० |
| ९६. | वडा नं २ को वत्तिसे सडक ट्र्याक | ६०० |
| ९७. | वडा नं २ को जमलबोटे-धारापानी-कुँडुलेडीही सडक ट्र्याक | ७०० |
| ९८. | वडा नं २ को रुम्टी कृषि तथा पशुपालन फर्म अनुदान १००% (प्रबर्द्धनात्मक) | २०० |
| ९९. | वडा नं २ को खहरे कृषि तथा पशुपालन फर्म १००% (प्रबर्द्धनात्मक) | २०० |
| १००. | वडा नं २ को प्रगतिशिल कृषि तथा वाखापालन फर्म १००% (प्रबर्द्धनात्मक) | २०० |
| १०१. | वडा नं २ को सम्पुर्ण कुलो मर्मत (एकमुष्ट) | १८०० |
| १०२. | वडा नं २ को थाक्ले फेदि लिफ्ट सिंचाई आयोजना (क्रमागत) | १२०० |
| १०३. | गाउँपालिका अध्यक्ष विषेश कार्यक्रम | १०२३९ |
| | **जम्मा** | ४८४८४ |

| ३. समाजिक विकास तर्फ विनियोजित बजेट<br>स्वास्थ्य तर्फ | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | आगामी आ व २०७५/०७६ को अनुमानति बजेट रु हजारमा | आगामी आ व २०७६/०७७ को अनुमानति बजेट रु हजारमा | आगामी आ व २०७७/०७८ को अनुमानति बजेट रु हजारमा | श्रोत व्यहोर्ने वजेट शिर्षक |
| १. | स्वास्थ्य तर्फ महिला स्वास्थ्य स्यवसेविकाहरुको प्रोत्साहन भत्ता | ६३० | ६३० | ६९३ | |
| २. | फिल्ड व्यवस्थापन तथा महिला स्वास्थ्य स्वयमसेविका व्यवस्थापन खर्च | ० | १२५ | १३८ | |
| ३. | औषधि खरिद | ० | ५०० | ५५० | |
| ४. | विध्यालयका किशोरीहरुलाई सेनेटरी प्याड वितरण | ० | १५० | १६५ | |
| ५. | स्वास्थ्य तर्फको फर्निचर व्यवस्थापन | ५० | ४०० | ४४० | |
| | जम्मा | ६८० | १८०५ | १९८६ | |
| महिला अपाङ्ग तथा वालवालिका | | | | | |
| १. | अनाथ वालवालिका आर्थिक सहयोग कार्यक्रम शैलशिखर नगद अनुदान रु १२५ तथा बेसाहार सहयोग कार्यक्रम रु ७५ | १२५ | २०० | २२० | |
| २. | जेष्ठ नागरिक सम्मान, दौरा सुरुवाल तथा गुन्यू चोली वितरण (१—७ वडा) | ७५० | १५०० | १६५० | |
| ३. | अपाङ्ग परिचय पत्र | ० | १०० | ११० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वितरण घुम्ति शिविर कार्यक्रम | | | | |
| ४. | अपाङ्ग सामाग्री खरिद तथा वितरण | ० | ५०० | ५५० | |
| ५. | किशोरि महिलाहरुको क्षमता अभिवृद्धि तथा वालविवाह न्यूनिकरण कार्यक्रम | ० | २०० | 220 | |
| ६. | महिलाहरुलाई नमुना व्यवसाय संचालन अनुदान कार्यक्रम (व्यक्ति तथा समुह एकमुष्ठ) | ० | १००० | ११०० | |
| ७. | महिला सहकारीहरुलाई सहकारी लेखापालन सम्बन्धि तालिम | १८६ | २०० | २२० | |
| ८. | वडा नं ३ को महिला समूह भवन ग्वालटार | ० | १०० | ११० | |
| ९. | वडा नं ३ को महिला समूह भवन भदौरे | ० | १०० | ११० | |
| १०. | वडा नं ३ को महिला समूह भवन थल डाँडा | ० | १०० | ११० | |
| ११. | वडा नं ३ को दलित सेवा संघ कार्यक्रम | 0 | 50 | ५५ | |
| | **जम्मा** | **१०६१** | **४०५०** | **४४५५** | |
| | **सामाजिक विकास अन्य पूर्वाधार** | | | | |
| १. | वडा नं ४ को भविष्य निर्माता युवा कल्व खेल मैदान | ० | १५० | १६५ | |
| २. | नँया गाउँ मन्दिर घेरावेरा | ० | २०० | २२० | |
| ३. | वडा नं ४ को महादेव प्रा.वि. मूलडाँडा घेरावेरा | ० | ९०० | ९९० | |
| ४. | वडा नं ४ को सवै वस्तिहरुमा खानेपानी पाईप तथा ईन्टेक (एकमुष्ठ) | ० | १२३० | १३५३ | |
| ५. | वडा नं ३ को माथिल्लो भुवनेश्वरी खानेपानी योजना | ० | २००० | २२०० | |
| ६. | वडा नं ३ को कुशेश्वरी | ० | २०० | २२० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मन्दिर पुनर्निर्माण | | | | |
| ७. | वडा नं ३ को रिठ्ठाबोटे जनजागरण समाजसेवी युवा क्लव | ० | १५० | १६५ | |
| ८. | वडा नं ३ को शिव मन्दिर सान्ने निर्माण | ० | २०० | २२० | |
| ९. | वडा नं ३ मा रहेको स्वास्थ्य चौकी घेरावेरा | ० | ३०० | ३३० | |
| १०. | वडा नं ३ को जरुवा खेल मैदान संरक्षण | ० | २०० | २२० | |
| ११. | वडा नं ३ मा रहेको वावुराम वराल पार्क फिल्ड निर्माण | ० | २०० | २२० | |
| १२. | वडा नं ३ को सुन्तले खोला देखि वन्दिजोर खोला सडक मर्मत | ० | ५०० | ५५० | |
| १३. | वडा नं ६ को शिव मन्दिर निर्माण छेत्पा | ० | १०० | ११० | |
| १४. | वडा नं ५ को रतनचुरा महादेव मन्दिर निर्माण | ० | २०० | २२० | |
| १५. | वडा नं २ को भन्ज्याङ्गमा अवस्थित कमलामाई मन्दिर निर्माण | ० | १०० | ११० | |
| १६. | वडा नं २ को कलंखिश्वरी महादेव धारापानी मन्दिर निर्माण | 0 | २०० | २२० | |
| १७. | वडा नं २ को थाक्ले खेलमैदान स्तरन्नोती | 0 | ५०० | ५५० | |
| १८ | वडा नं ४ को ल्यान्द्रङ्ग भिमशेनमन्दिर सिडि निर्माण तथा पिकनिक स्पोर्ट योजना | ० | १५०० | १६५० | |
| १९ | बाबुराल वराल पार्क स्तरन्नोती | १५० | ५०० | ५५० | |
| २० | सुरेशचन्द्र कोईराला (वशिष्ठ) पुस्तकालय अनुदान | ० | ५०० | ५५० | |
| २१ | आजात स्मृती पोखरी संरक्षण | ० | ५०० | ५५० | |
| जम्मा | | १५० | १०३३० | ११३६३ | |

## सामाजिक विकास शिक्षा तर्फ

| सि.न. | योजना तथा कार्यक्रम | गत आव २०७५/०७६ को अनुमानित बजेट रु हजारमा | गत आ व २०७६/०७७ को अनुमानित बजेट रु हजारमा | गत आ.व. २०७७/०७८ को अनुमानित वजेट रु.हजारमा | श्रोत व्यहोर्ने वजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा सामुदायिक विध्यालयहरुको लागि गाउँपालिका स्तरिय उपाध्यक्ष कप गाउँपालिका स्तरिय भलिवल तथा फुटवल प्रतियोगिता | ५०० | ५०० | ५५० | |
| २ | सामुदायकि विध्यालयका उत्कृष्ठ शिक्षक तथा विध्यार्थी सम्मान कार्यक्रम | १०० | ३०० | ३३० | |
| 3 | गाउँपालिकामा रहेका सामुदायिक विध्यालयहरुको लागि गाउँपालिका स्तरिय बादविवाद, बक्तृत्व कला हाजिरी जवाफ कार्यक्रम | १५० | ३०० | ३३० | |
| ४ | बालविकास केन्द्रका सहयोगि कार्यकर्ता प्रोत्साहन अनुदान | ० | १३२६ | १४५९ | |
| ५ | कक्षा १० मा अध्ययनरत कमजोर छात्रा तथा लक्षित वर्गका विद्यार्थीलाई परीक्षा तयारी एवं अतिरिक्त कक्षा सञ्चालनका लागि प्रति विद्यार्थी अनुदान | ० | १४० | १५४ | |
| ६ | सबै माध्यमिक विद्यालयहरुमा विद्धुतीय हाजीरीको व्यवस्थापन र अनुगमन | ० | ३६० | ३९६ | |
| ७ | शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि तालिम | ० | ३३० | ३६३ | |
| ८ | निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण तालिम | ० | २०० | २२० | |
| ९ | तथ्यङक हेर्ने कर्मचारीलाई EMIS र PMT भर्ने सम्वन्धी १ दिने अभिमुखिकरण | ० | १२० | १३२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | आधारभूत र माध्यमिक विद्यालयहरुमा वाल क्लवको गठन र क्षमता अभिवृद्धि तालिम | ० | ७६ | ८४ | |
| ११ | प्रअ सहितको समीक्षा बैठक व्यवस्थापन | ० | १२० | १३२ | |
| १२ | त्रैमासिक तथा वार्षिक परीक्षा सञ्चालन व्यवस्थापन | 0 | १००० | ११०० | |
| १३ | विद्यालय सहयोगीका लागि थप पारीश्रमीक अनुदान | ० | ७६७ | ८४४ | |
| १४ | विद्यालय सहायकका लागि थप पारिश्रमिक अनुदान | ० | २५० | २७५ | |
| १५ | राम्रा सिकाई अभ्यास भएका विद्यालयहरुको शिक्षण सिकाइ अनुभव आदान प्रदान | ० | १५० | १६५ | |
| १६ | तथ्याङ्क व्यवस्थापन | ० | ५० | ५५ | |
| १७ | शिक्षक कर्मचारीका डकुमण्ट डिजिटाइजेशन | ० | ११० | १२१ | |
| १८ | शैक्षिक क्यालेण्डर निर्माण | ० | ८० | ८८ | |
| १९ | सञ्चार | ० | २५ | २८ | |
| २० | प्राविधिक शिक्षाको व्यवस्थापनका लागि अनुदान जनज्योति मा वि खुर्कोट | ० | १००० | ११०० | |
| २१ | विद्यालय बस खरिद जनज्योति मावि खुर्कोट | ० | ३६०० | ० | |
| २२ | जनज्योति मावि खुर्कोट शिक्षक व्यवस्थापन अनुदान | ० | १५०० | १६५० | |
| २३ | कौशिका मावि ग्वालटार विविध व्यवस्थापन अनुदान | ० | १५०० | १६५० | |
| २४ | कौशिका मावि ग्वालटार प्राविधिक | ० | १००० | ११०० | |
| | शिक्षा व्यवस्थापन अनुदान | | | | |
| २५ | जनता मावि खनियाखर्क माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ४६८ | ५१५ | |
| २६ | वत्सला मावि दिङदिङ किराँते माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ९३६ | १०३० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | शारदा मावि बेखटाँडी माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ९३६ | १०३० | |
| २८ | आ.वि. देउरालीटार | ० | ३६७ | ४०४ | |
| २९ | बाल मावि शुलिभन्ज्याङ माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | १४०४ | १५४५ | |
| ३० | मङ्गला मावि घोक्सिला माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ९३६ | १०३० | |
| ३१ | श्री मावि नयाँखर्क माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ४६८ | ५१५ | |
| ३२ | श्री मा.वि. नंयाखर्क प्राविधिक शिक्षा अनुदान | ० | १००० | ११०० | |
| ३३ | कामदा मावि डुंडभन्ज्याङ माध्यमिक शिक्षक व्यवस्थापन अनुदान | ० | ४६८ | ५१५ | |
| ३४ | पञ्चवती आवि तिनघरेडाँडा शिक्षक व्यवस्थापन अनुदान | ० | ७३४ | ८०८ | |
| ३५ | आधारभूत विद्यालय धारापानी शिक्षक व्यवस्थापन अनुदान | ० | ३६७ | ४०४ | |
| ३६ | सिद्धेश्वरी प्रावि धनसार शिक्षक व्यवस्थापन अनुदान | ० | ३४६ | ३८१ | |
| ३७ | पुष्प आवि बाराहा शिक्षक व्यवस्थापन अनुदान | ० | ३६७ | ४०४ | |
| ३८ | बाल आवि ढुङ्ग्रे शिक्षक व्यवस्थापन अनुदान | ० | ३६७ | ४०४ | |
| ३९ | बाल लहरी प्रावि भन्ज्याङ शिक्षक व्यवस्थापन अनुदान | ० | ३४६ | ३८१ | |
| ४० | कुशेश्वरी प्रावि सिम्लेवेसी बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन अनुदान | ० | १०४ | ११५ | |
| ४१ | कालिका प्रावि नारायणडाँडा शिक्षक व्यवस्थापन अनुदान | ० | ३४६ | ३८१ | |
| ४२ | किटनी भन्ज्याङ्ग वालविकास सहयोगी कार्यकर्ता थप अनुदान | ० | १०४ | ११५ | |
| ४३ | विविध व्यवस्थापन | ० | ५०० | ५५० | |
| | **जम्मा** | **७५०** | **२५३६८** | **२३९५३** | |

४. आगमी आर्थीक वर्ष २०७६/०७७ मा वातावरण तथा विपद व्यवस्थापन  तर्फ विनियोजित बजेट तथा कार्यक्रम

| क स | योजना तथा कार्यक्रमको नाम | गत आ व २०७५ /०७६ | आगामी आर्थीक वर्ष २०७६/०७७ | आगामी आर्थीक वर्ष ०७७/०७८ |
|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन | ८५० | १००० | ११०० |
| २ | फोहोर मैला बोक्ने सवारी साधन खरिद | ० | ३००० | ३३०० |
| ३ | वडा नं १ को वडा स्तरिय विपद् व्यवस्थापन | ० | १०० | ११० |
| ४ | वडा नं ४ को घोल्डरे सडक तार जाली | ० | १२५ | १३८ |
| ५ | वडा नं ३ को एक घर एक प्लाटिक पोखरी कार्यक्रम | ० | ५०० | ५५० |
| ६ | वडा नं ३ को सरसफाई कार्यक्रम | ० | ३०० | ३३० |
| ७ | वडा नं ३ को सडक ट्र्याक सरसफाई तथा मर्मत | ० | ६०० | ६६० |
| ८ | वडा नं ३ को नमुना हरियाली विधुत तथा पाईप खरिद | ० | ५०० | ५५० |
| ९ | वडा नं ७ को पुरानो बसपार्कमा शार्वजनिक शौचालय निर्माण | ० | ९०० | ९९० |
| १० | वडा नं ७ को पोखरि सरसफाई फुलवारी पार्क निर्माण योजना राताटार | ० | ६०० | ६६० |
| ११ | वडा नं ७ मा गठन भएको वडा स्तरिय खानेपानी तथा स्वच्छता समन्वय समिति मार्फत सरसफाई कार्यक्रम | ० | ३०० | ३३० |
| | **जम्मा** | **८५०** | **७९२५** | **८७१८** |

## ५.आगमी आर्थीक वर्ष २०७६/०७७ मा संस्थागत विकास शुसासन तथा सेवा प्रवाह तर्फ विनियोजित बजेट तथा कार्यक्रम

| सि.न. | खर्च सङ्केत नं | योजना तथा कार्यक्रम | गत आ व २०७५ /०७६ रु.हजारमा | गत आ व २०७६ /०७७ रु.हजारमा | गत आ व २०७७ /०७८ रु.हजारमा | श्रोत व्यहोर्ने वजेट शिर्षक |
|---|---|---|---|---|---|---|
| 1 | २२५२२ | कर्मचारी शिप विकास तालिम गोष्ठि संचालन खर्च | ० | ५५० | ६०५ | |
| २ | २२५२२ | कर संकलन अभियान घुम्ति शिविर | १२० | ३५० | ३८५ | |
| ३ | २२५२२ | सार्वजनिक सुनुवाई कार्यक्रम | १०० | २०० | २२० | |
| ४ | २२५२२ | नागरिक वडा पत्र प्रकाशन वडा तथा गाउँपालिका | ७० | ८० | ८८ | |
| ५ | २२५२२ | चौमाशिक समिक्षा | १५० | ३०० | ३३० | |
| ६ | २२५२२ | गाउँपालिका पार्श्व चित्र अध्याबधिक | २०० | २२० | २४२ | |
| ७ | २२५२२ | बार्षीक प्रगती पुस्तक प्रकाशन | ६०० | २०० | २२० | |
| ८ | २२५२२ | वडा नं ३ को वडा कार्यालयको कोठा थप | ० | ३०० | ३३० | |
| ९ | ३१११५ | फर्निचर फिक्चर्स सामान खरिद | ० | ५०० | ५५० | |
| १० | ३११२१ | सवारी साधन खरिद | ० | ३००० | 3300 | |
| ११ | ३११२२ | मेशिन औजार कम्प्युटर तथा प्रिन्टर खरिद | ० | ६०० | ६६० | |
| १२ | ३११७२ | गा.पा. भवन डी.पी.आर | ० | १२०० | १३२० | |
| | | **जम्मा** | **१२४०** | **७५००** | **४९५०** | |

## आगमी आर्थीक वर्ष २०७६/०७७
## चालु तर्फ विनियोजित बजेट

| सि.न. | खर्च सङ्केत नं | योजना तथा कार्यक्रम | गत आ व २०७५ /०७६ रु.हजारमा | गत आ व २०७६ /०७७ रु.हजारमा | गत आ व २०७७ /०७८ रु.हजारमा | श्रोत व्यहोर्ने वजेट शिर्षक |
|---|---|---|---|---|---|---|
| 1 | २११११ | पारिश्रमिक कर्मचारी | १४८८ | २०००० | २२००० | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ७२६६ | ७२६६ | ७९९३ | |
| 3 | २११२१ | कर्मचारी पोसाक भत्ता | ४४० | ६०० | ६६० | |
| ४ | २११३२ | महंगी भत्ता | १०६५ | १२०० | १३२० | |
| 5 | २११३४ | कर्मचारी वैठक भत्ता | 0 | १५० | १६५ | |
| ६ | २११४१ | पदाधिकारी वैठक भत्ता | ५००१ | ५५०० | ६०५० | |
| 7 | २१२१४ | कर्मचारी कल्याण कोष | ६० | १००० | ११०० | |
| ८ | २२१११ | पानी तथा विजुली | ४९८ | ५०० | ५५० | |
| 9 | २२११२ | संचार महसुल | ७०० | १००० | ११०० | |
| १० | २२२११ | ईन्धन (पदाधिकारी) | १८०० | १५०० | १६५० | |
| 11 | २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | 0 | १५०० | १६५० | |
| १२ | २२२१३ | सवारी साधन मर्मत खर्च | 0 | १००० | ११०० | |
| 13 | २२२१४ | बिमा तथा नबिकरण खर्च | १५० | ३५० | ३८५ | |
| १४ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ७०० | ३०० | ३३० | |
| 15 | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २१०० | १५०० | १६५० | |
| १६ | २२३१४ | ईन्धन-अन्य प्रयोजन | ० | २०० | २२० | |
| 17 | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०० | १५०० | १६५० | |
| १८ | २२४११ | सेवा र परामर्श खर्च | ० | ५०० | ५५० | |
| 19 | २२४१३ | करार सेवा शुल्क | २४३५ | ६५०० | ७१५० | |
| २० | २२६११ | अनुगमन, मुल्याङ्कन खर्च | २००० | २००० | २२०० | |
| 21 | २२६१२ | सरुवा भ्रमण खर्च | ० | ३०० | ३३० | |
| २२ | २२७११ | विविध खर्च | २६०० | ३००० | ३३०० | |
| 23 | २२७२१ | सभा संचालन खर्च | ० | २५० | २७५ | |
| २४ | २८१४२ | घरभाडा (कार्यालय तथा स्टोर प्रयोजन) | ८०० | १२०० | १३२० | |
| 25 | २८१४३ | सवारी तथा मेशिन औजार साधन भाडा | २४०० | २००० | २२०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | २८१४९ | अन्य भाडा | 0 | २०० | २२० | |
| 27 | २८९११ | भैपरि आउने चालु खर्च | 0 | ५०० | ५५० | |
| २८ | २२५२२ | विविध अतिथि सत्कार खर्च | ६०० | १००० | ११०० | |
| | | **जम्मा** | **३२२९४** | **६२५१६** | **६८७६८** | |

- नेपाल सरकारबाट ससर्त तर्फ रु सोह्र करोड उन्नाईस लाख बजेटको सर्त सहित कार्यक्रम प्राप्त भएको छ उक्त कार्यक्रमहरुलाई नेपाल सरकारबाट प्राप्त सर्त अनुसारको कार्यक्रम संचालन गरिनेछ ।
- अन्त्यमा यस गाउँपालिकाको नीति, कानुन तथा बजेट निर्माणदेखि सोको कार्यान्वयन सम्म सहयोग पुर्याउनुहुने जनप्रतिनिधि मित्रहरु र कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस गाउँपालिकाको नीति निर्माणमा रचनात्मक सुझाव दिनुहुने र विकास निर्माण र सेवा प्रवाहमा सहयोग र सहभागिता जनाउनु हुने सम्पूर्ण गोलन्जोरवासी जनसमुदाय प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै कानुन निर्माण,बजेट व्यवस्था, कर्मचारी व्यवस्था, क्षमता विकास तथा सेवा प्रवाहमा सक्दो सहयोग गर्ने नेपाल सरकार र ३ नं प्रदेश सरकार तथा ती सरकारका निकायहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

गंगादेवी श्रेष्ठ
गाउँ पालिका उपाध्यक्ष